सानीभेरी गाउँपालिका
Sanibheri Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
सिम्ली, रुकुम (पश्चिम)
Simli, Rukum (West)
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal

सम्पर्कनं.:९८५७८२४२५३
info@sanibherimun.gov.np
sanibherimun@gmail.com
ito.sanibherimun@gmail.com


प.सं.(Letter No.):२०७९/८०

मिति(Date):२०७९।०८।२८

च.नं.(Ref. No.):४९९

## लागत साझेदारीमा बाखाको साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९।०८।२८)

आ. व.२०७९/०८० सानीभेरी गाउँपालिका पशु सेवा शाखाको वार्षिक स्वीकृत कार्यक्रम र गाउ कार्यपालिकाको मिति २०७९।०८।१८ गतेको निर्णय अनुसार प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल २०७७ अनुरुप बाखाको साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम तपशिलका क्षेत्रहरुमा निम्न बमोजिम कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक पशुपालन समूह/सहकारी/जल/वन उपभोक्ता समिति /बाखा फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन भित्र अर्थात मिति २०७९।०९।१३ गते भित्र यस सानीभेरी गाउँपालिका पशु सेवा शाखाले तोकेको ढाँचा (अनुसुचि १०) अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै यस विषयमा थप जानकारीका लागि पशु सेवा शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।

क) पकेट/ब्लक/जोन/सूपरजोनका कार्य क्षेत्रहरु ( सानीभेरी गाउँपालिका वडा न ५ र ६ रुकुम (पश्चिम )

ख) कार्यक्रमहरु: बाखाको साना व्यावसायिक कृषि उत्पादन केन्द्र( पकेट) विकास कार्यक्रम रु १५०००००।

निवेदनका साथ पेश गर्नु पर्ने कागजातहरु:

१. सम्बन्धित निकायमा पशुपालन समुह/सहकारी/संस्था/समिति/पशुपालन फर्म दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि

२. कार्यक्रम सञ्चालन हुने स्थान जग्गा जमिनको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा।

३.रु. १० को हुलाक टिकट टाँस गरीएको निवेदन र निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।

४. समूह /समिति /सहकारी र कार्य समितिको निर्णयको प्रतिलिपि।

५. सम्बन्धित वडाको सिफारिस

६. पूर्ण रुपमा भरिएको अनुसुची ७ र १० बमोजिमको फारम

दिपक बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner